Total No. of Printed Pages—15

**HS/XII/A. Sc. Com/N/26**

**2 0 2 6**

# NEPALI

## ( Modern Indian Language )

**( FOR CANDIDATES WITH INTERNAL ASSESSMENT—NEW COURSE )**

*Full Marks* : 80

**( FOR CANDIDATES WITHOUT INTERNAL ASSESSMENT—OLD COURSE )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions.*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt all parts of a question together at one place.

**( For NEW COURSE and OLD COURSE )**

( *Marks* : 80 )

SECTION—A

( *Marks* : 30 )

**1.** निम्नलिखित प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेख : 1×30=30

(क) साहिंलीलाई कति वर्षको उमेरसम्म कोही माग्न आएको थिएन?

*(i)* १७

*(ii)* २०

*(iii)* १८

*(iv)* १९

(ख) 'कैकेयी' कथाका कथाकार को हुन्?

*(i)* बालकृष्ण सम

*(ii)* लक्ष्मीप्रसाद देवकोटा

*(iii)* पारसमणि प्रधान

*(iv)* पुष्कर शमशेर

(ग) 'गुन्द्रुकको पुकार' कस्तो निबन्ध हो?

*(i)* विचारात्मक

*(ii)* व्यङ्ग्यात्मक

*(iii)* आख्यानात्मक

*(iv)* हास्यात्मक

(घ) 'परालको आगो' कथाका मुख्य पात्र-पात्रा को हुन्?

*(i)* जुठेका लोग्ने-स्वास्नी

*(ii)* चामे र गौंथली

*(iii)* कोकले र उसकी आमा

*(iv)* धनवीरका लोग्ने-स्वास्नी

(ङ) 'मुना-मदन' कसको के हो?

*(i)* बालकृष्ण समको नाटक

*(ii)* लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य

*(iii)* गोपालप्रसाद रिमालको कवितासङ्ग्रह

*(iv)* लेखनाथ पौड्यालको नव्यकाव्य

(च) मुकुन्दको कति वर्षमा बिहे भयो?

*(i)* बाह्र

*(ii)* तेह्र

*(iii)* चौध

*(iv)* एघार

(छ) भोटे दाइ कस्तो मान्छे थियो?

*(i)* सोझो र परोपकारी

*(ii)* दुष्ट र बेइमान

*(iii)* लोभी र घमण्डी

*(iv)* ठग र रिसाह

(ज) 'परालको आगो' के हो?

*(i)* कथा

*(ii)* कविता

*(iii)* नाटक

*(iv)* निबन्ध

(झ) कृष्णराय कति वर्षका थिए?

*(i)* १५

*(ii)* २५

*(iii)* ३५

*(iv)* ४५

(ञ) हातका मैला सुनका थैला, के गर्नु धनले?
साग र सिस्नु खाएको बेस आनन्दी मनले।
माथिको पङ्क्ति कसले भनेको हो?

*(i)* मुना

*(ii)* नैनी

*(iii)* भोटे

*(iv)* मदन

(ट) 'मुकुन्द-इन्दिरा' नाटकमा कति अङ्क छन्?

*(i)* द्वितीय अङ्क

*(ii)* तृतीय अङ्क

*(iii)* चतुर्थ अङ्क

*(iv)* पञ्चम अङ्क

(ठ) इन्दिराले 'रामायण'-को कुन काण्डको पाठ गर्ने गर्थिन्?

*(i)* बालकाण्ड

*(ii)* सुन्दरकाण्ड

*(iii)* युद्धकाण्ड

*(iv)* उत्तरकाण्ड

(ड) “म फेरिएको छु कि दुब्लाएको छु, लौ भन्नोस् त?”
यस वाक्यमा फेरिएको र दुब्लाएको मान्छे को हो?

*(i)* कृष्णराय

*(ii)* चामे

*(iii)* चतुरे

*(iv)* जुठे

(ढ) ‘मुना-मदन’ कुन छन्दमा लेखिएको छ?

*(i)* अनुष्टुप्

*(ii)* झ्याउरे

*(iii)* सवाई

*(iv)* तोटक

(ण) मदनले आमाका के इच्छा पूरा गर्न भोट जान्छ?

*(i)* सुनका गहना किन्न

*(ii)* महल बनाउन

*(iii)* पाटी र धारा-को इच्छा पूरा गर्न

*(iv)* लहिनो भैंसी किन्न

(त) रूपनारायण श्रेष्ठलाई कुन रोगको डरले मुकुण्डो भिरेको छ?

*(i)* निमोनिया रोगले

*(ii)* ज्वरो रोगले

*(iii)* कोभिड रोगले

*(iv)* क्षय रोगले

(थ) 'अन्त' शब्दको विपरीत शब्द कुन हो?

*(i)* आरम्भ

*(ii)* आकाश

*(iii)* सरल

*(iv)* कलम

(द) 'प्रतिफल' शब्दको उपसर्ग कुन हो?

*(i)* प्रति

*(ii)* पर्

*(iii)* प्र

*(iv)* ति

(ध) 'कालो जान्छ, गोरो आउँछ' उखानको अर्थ कुन हो?

*(i)* मर्नु कि गर्नु

*(ii)* काम रोकिँदैन

*(iii)* सधैं एकै नहुनु

*(iv)* ज्यादै चलाख

(न) हिजो अध्यापकले गृहकार्य दिनुभयो।

माथि दिइएको वाक्यमा अध्यापकको स्त्रीलिङ्ग कुन हो?

*(i)* बालिका

*(ii)* अध्यापिका

*(iii)* नायक

*(iv)* बाहुनी

(प) 'उपहार' शब्दको पर्यायवाची शब्द कुन हो?

*(i)* पुरस्कार

*(ii)* सुधा

*(iii)* शून्य

*(iv)* कामना

(फ) उल्टो अर्थ लाग्ने शब्दलाई के भन्दछन्?

*(i)* पर्यायवाची शब्द

*(ii)* विपरीत शब्द

*(iii)* समोच्चारित शब्द

*(iv)* सार शब्द

(ब) एउटै अर्थ बुझाउने शब्दहरूलाई के भनिन्छ?

*(i)* लिङ्ग

*(ii)* वचन

*(iii)* उपसर्ग

*(iv)* पर्यायवाची शब्द

(भ) जसले काम गर्छ त्यसलाई के कारक भन्दछन्?

*(i)* कर्ता

*(ii)* कर्म

*(iii)* करण

*(iv)* सम्प्रदान

(म) 'मित्र' शब्दको वचन परिवर्तन शब्द कुन हो?

*(i)* मित्रलाई

*(ii)* मित्रले

*(iii)* मित्रको

*(iv)* मित्रगण

(य) 'हात छोड्नु' टुक्काको अर्थ कुन हो?

*(i)* चोर्नु

*(ii)* हार मान्नु

*(iii)* कुट्नु

*(iv)* कुटाइ खानु

(र) 'नेपाली हाम्रो मातृभाषा' कसले लेखेका हुन्?

*(i)* पारसमणि प्रधान

*(ii)* इन्द्र राई

*(iii)* रुद्रराज पाण्डेय

*(iv)* गोपालप्रसाद रिमाल

(ल) खसहरू कति राज्यमा छरिएर बसे?

*(i)* बाइस

*(ii)* तेइस

*(iii)* चौबीस

*(iv)* पच्चीस

(व) 'गुन्द्रुकको पुकार' के हो?

*(i)* कविता

*(ii)* कथा

*(iii)* उपन्यास

*(iv)* निबन्ध

(श) कुन कथामा कसले समय-असमयमा धेरै उपदेश दिने गर्छ?

*(i)* 'परालको आगो' कथामा चामेले

*(ii)* 'लोग्ने' कथामा चतुरेले

*(iii)* 'शत्रु' कथामा कृष्णरायले

*(iv)* 'कैकेयी' कथामा दशरथले

## SECTION—B

( *Marks* : 25 )

**2.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै **चार** प्रश्नको २/३ वाक्यमा उत्तर लेख : 2×4=8

(क) चतुरे कसरी प्रगतिशील विचारको युवक थियो?

(ख) पारसमणि प्रधानले आफ्नो निबन्धमा कुन-कुन बोलीलाई तुरानियन भनेका छन्?

(ग) नैनी को थिई? के स्वार्थले ऊ मुनाकहाँ जाने गर्थी?

(घ) 'परालको आगो' कथाका कथाकार को हुन्? लोग्ने-स्वास्नीको झगडालाई किन परालको आगो भनिन्छ?

(ङ) भोटेले रोगी मदनलाई कसरी सघायो?

(च) मुनाको कसरी मृत्यु भयो?

(छ) मुकुन्दको विषयमा हातहेर्ने ज्योतिषीले के भन्छ?

(ज) कृष्णरायले कस्तो दुर्गुणलाई गुण मानेका थिए?

**3.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै **चार** प्रश्नका उत्तर लेख : 3×4=12

(क) कैकेयीले कसरी दशरथलाई सहयोग गरिन्?

(ख) नेपाली भाषामा एकरूपता हुन नपाएका कारण के-के हुन्?

(ग) मुकुन्द र मदन को हुन्? उनीहरूमा पाइने विशेषता देखाऊ।

(घ) मदनको कसरी मृत्यु हुन्छ?

(ङ) गुन्द्रुकले प्रभुसँग कस्तो गुनासो गरेको छ?

(च) रूपनारायण श्रेष्ठ किन रोगाउँदै जान्छन्?

(छ) चामे किन जोगी भएर हिंड्ने कुरा सोच्छ?

(ज) कारक केलाई भनिन्छ? ती कति प्रकारका छन्? कुनै दुइ कारकको नाम लेख।

**4.** तलको अनुच्छेद पढेर सोधिएका प्रश्नको उत्तर लेख :

(क) धनवीरका घरमा बिहाको भोज थियो। गाउँभरिका केटाहरू जाँड खाएर चूर थिए। कोकले मारुनी भएर मादल बजाउँदै नाच्दै गर्न लागेको थियो। अरू केटाहरू कोकलको स्वरमा स्वर मिलाएर गाउँदै ताल दिँदै गर्न लागेका थिए। यस्तैमा बैनीचाहिँ आएर मकैबारीमा चामेको भैंसी पसेको कुरा सुनाई। कोकले मारुनीको लहँगैसित दौडँदै मकैबारीमा पुग्यो। मकै सोत्तर पारेको देखेर कोकले आगो भो र चामेका गालामा कसेर दुइ थप्पड लगायो।

**प्रश्नहरू :**

*(i)* कसको घरमा बिहाको भोज थियो? 1

*(ii)* कोकले के भएर के गर्न लागेको थियो? 1

*(iii)* कसले आएर मकैबारीमा चामेको भैंसी पसेको कुरा सुनाउँछ? 1

*(iv)* कसले चामेका गालामा कसेर थप्पड लगायो? 1

*(v)* 'आगो' शब्दको विपरीत शब्द के हुन्छ? 1

**अथवा**

(ख) हिन्दुस्तानको उत्तर-पश्चिमतर्फबाट यसरी नेपाल पस्ने ब्रह्मणहरू विशेष खसहरू नै थिए। यिनका सन्तानहरू पनि खस भए तर त्याहाँका म्लेच्छ स्त्रीहरूसितको सहवासले जन्मेका हुनाले ती ब्राह्मण भएनन्—ती भए क्षत्रिय। यी खसहरू युद्धप्रेमी थिए। यसर्थ यिनका सन्तान पनि युद्धप्रेमी भए। यसरी खस छेत्रीहरूको उत्पत्ति भयो। द्रव्य शाहका सातौं पिंढीमा पृथ्वीनारायण शाह गोर्खाका प्रसिद्ध राजा भए। भादगाउँका नेवार राजाले काठमाडौंका राजा जयप्रकाश मल्ललाई वशमा गराउने अभिप्रायले राजधानीमा निम्तो गरी पठाए।

**प्रश्नहरू :**

*(i)* खसहरू को थिए? 1

*(ii)* खसहरू के प्रेमी थिए? 1

*(iii)* गोर्खाका प्रसिद्ध राजा को भए? 1

*(iv)* भादगाउँका नेवार राजाले कसलाई निम्तो पठाए? 1

*(v)* काठमाडौं कुन देशको राजधानी हो? 1

## SECTION—C

( *Marks* : 25 )

**5.** सप्रसँग व्याख्या गर (कुनै **एक**) : 5

(क) पुरुषको प्यारी! सङ्ग्राम संसार, विजय उसको सार।
पौरष बिना पुरुष हुन्न तरवार बिना धार।

(ख) जाने भएँ तपाईंको छोराको खोजमा म त, त्यही यताउता होलान् लिएरै आउँला यहाँ
मेरो भाग्य भएदेखिन् गुन लाउन पाउने अथवा खबरै मात्र लिएर घर फर्कुँला।

**6.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै **तीन** प्रश्नको उत्तर लेख : 5×3=15

(क) 'लोग्ने' कथाको कथावस्तु लेख।

(ख) आधुनिक शिक्षक कस्ता हुन्छन्? आधुनिक शिक्षकलाई कस्ता विद्यार्थीले मन पराउँदैनन्।

(ग) 'मुना-मदन' खण्डकाव्यको नायक मदनको चरित्र चित्रण गर।

(घ) मुकुन्द को हो? उसले कसरी इन्दिराको परीक्षा लिन्छ?

(ङ) ''खस कुराको उन्नत रूप आजको नेपाली भाषा हो'' भन्ने कुरालाई स्पष्ट पार।

**7.** आफ्नो मातृभाषाप्रतिको माया र सम्मानलाई दर्शाउँदै तिम्रो मित्रलाई एउटा चिठी लेख। 5

**अथवा**

तल दिइएको कुनै **एक** विषयमा निबन्ध लेख :

(क) समयको सदुपयोग

(ख) जेन्जी युवाको शक्ति

(ग) असमका बहुमुखी प्रतिभा जुबीन गर्ग

**( For OLD COURSE only )**

SECTION—D

( *Marks* : 20 )

**8.** कोष्ठभित्रका सही शब्द टिपेर खाली ठाउँहरू भर : 1×10=10

(क) ______ आँखाले आजकल ______ मागे-जस्तो छ। (चश्मा, मेरो)

(ख) ______ त छापाबराबर ______ रहेछन्। (राम्रा, अक्षर)

(ग) उडी ______ भने म पन्छी होइन ______ त मन छैन। (जाऊँ, बस्न)

(घ) ज्ञान जानेर आउँछ भने ______ छदैंछ लिन त ______ भए जाउँला। (घर, पोडे)

(ङ) माइतको त ______ पनि ______ हुन्छ। (कुकुर, प्यारो)

(च) अङ्ग्रेजी पढ्यो कि ______ बिग्रन्छ भनेको ______ रहेछ। (मान्छे, साँच्चै)

(छ) ______ छ, कलेज भरखर ______ आएको। (सकेर, केटौले)

(ज) आधुनिक ______ लाई समाजले ______ लिन दिँदैन। (शिक्षक, फुर्सत)

(झ) हे मेरा ______ मुटुको ______ झन् कसी नबोल। (गाँठो, राम)

(ञ) मानिसको ______ मानिसले पुछ्नु सबैको ______ हो। (आँसु, धर्म)

**9.** तलका वाक्यमा भनाइ सत्य भए 'हो' र असत्य भए 'होइन' लेख : 1×10=10

(क) 'मुकुन्द-इन्दिरा' नाटक हो।

(ख) 'मुना-मदन' उपन्यास हो।

(ग) 'कैकेयी' कथामा देवासुर संग्रामको वर्णन छ।

(घ) 'शत्रु' कथाको पात्र कृष्य राय हो।

(ङ) चतुरेले भेनाज्यूलाई मन पराउँथ्यो।

(च) 'परालको आगो' निबन्ध हो।

(छ) मदन भोटमा पढ्न गएको थियो।

(ज) मुकुन्दले इन्दिरालाई सम्झिरहन्थ्यो।

(झ) 'मुना-मदन' झ्याउरे छन्दमा लेखिएको छ।

(ञ) 'लोग्ने' कथाका कथाकार पुष्कर शमशेर हुन्।

★★★